# काठमाडौं महानगरपालिकाको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०७।०४**

काठमाडौं महानगरपालिकामा स्थायी ठेगाना भएका आमा र बाबु दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चित गरी सामाजिक संरक्षण गर्ने उद्देश्यले बाबु र आमा दुवैको मृत्यु भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरूको संरक्षणमा रहेका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणका लागि मासिक वृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोले यो सूचना प्रकाशित गरिएको छ । महानगरपालिकामा बसोबास गर्ने बाबु आमाविहीन बालबालिका वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले आफू बसोबास गरेको वडा कार्यालयमा निम्न कागजातहरू साथमा राखी यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बालबालिकाको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिहरूबाट वडा कार्यालयमा निवेदन प्राप्त हुन आएमा निम्न अनुसारका कागज प्रमाण साथमा राखी यस विभागमा सिफारिस गरिदिनुहुन सम्बन्धित वडा कार्यालयहरूलाई पनि यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

**सिफारिसका लागि आवश्यक पर्ने कागजातहरू**

क) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता प्राप्त गरेको भएमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि),

ख) आमा र बाबु दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु वा आमा दुवै बेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेखबाट बञ्चितीकरणमा परेको प्रमाणित कागजात,

ग) विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष पुगेका विद्यार्थीको हकमा,

घ) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

**काठमाडौं महानगरपालिका**
**सामाजिक विकास विभाग**
**जिल्ला समन्वय समितिको कार्यालय भवनको भुइँ तला**
**बबरमहल, काठमाडौं ।**
**सम्पर्क व्यक्तिको नं. ९८४१६७२५९४**

CamScanner

# काठमाडौं महानगरपालिकाको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०७।०४**

नेपालको संविधानको धारा १८ मा समानताको हकको प्रत्याभूति गरिएको छ। हाम्रो समाजमा अझै पनि छुवाछूत, सामाजिक कुरीति र अन्धविश्वास कायम रहेको, लैङ्गिक विभेद र हिंसाका घटनाहरू घट्दै आइरहेका छन्। काठमाडौं महानगरपालिकाले छुवाछूत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटना न्यूनीकरणका लागि नीति तथा कानून तर्जुमा गरी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिआएको छ। यसै सिलसिलामा यदि तपाईं बसोबास गरी आएको छिमेक, टोल वा बस्तीमा यस किसिमका घटनाहरू भएको जानकारी प्राप्त हुन आएमा कानूनी कारबाहीका लागि काठमाडौं महानगरपालिका, न्यायिक समिति, सामाजिक विकास विभागमा वा नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुहुन सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**काठमाडौं महानगरपालिका**

**सामाजिक विकास विभाग**

**जिल्ला समन्वय समितिको कार्यालय भवनको भुईं तला**

**बबरमहल, काठमाडौं।**

**सम्पर्क व्यक्तिको फोन नं. ९८४१-६७२५९४**

CS CamScanner